# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, साउन २० गते २०५१ साल (अतिरिक्ताङ्क १९(ग)

## भाग ३

श्री ५ को सरकार

### शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्रालयको सूचना

### शिक्षा (पहिलो संशोधन) नियमावली, २०५१

शिक्षा नियमावली, २०४९ लाई संशोधन गर्न वान्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "शिक्षा (पहिलो संशोधन) नियमावली, २०५१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षा नियमावली, २०४९ को नियम ११ मा संशोधनः शिक्षा नियमावली, २०४९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ११ को, -

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

593

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) जिल्ला शिक्षा समितिमा देहायका पदाधिकारीहरू रहनेछन्ः-

(क) जिल्ला विकास समितिका सभापति - अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी - उपाध्यक्ष

(ग) स्थानीय विकास अधिकारी - सदस्य

(घ) प्रचलित कानून बमोजिम मान्यता प्राप्त राष्ट्रिय स्तरका शिक्षकहरूको संस्थाहरूमध्येबाट जिल्ला शिक्षा समितिबाट मनोनित दुइजना - सदस्य

(ङ) जिल्लाका उच्च माध्यमिक विद्यालय वा माध्यमिक विद्यालयका प्रधानाध्यापक वा यी विद्यालयहरूको स्थायी शिक्षकको रूपमा कम्तीमा दशवर्ष देखि अध्यापन गरिरहेका शिक्षकहरूमध्ये जिल्ला शिक्षा अधिकारीको सिफारिशमा क्षेत्रीय शिक्षा निर्देशकबाट मनोनित एक जना - सदस्य

(च) जिल्लाका समाजसेवी, बुद्धिजीवी वा शिक्षा प्रेमी मध्ये एकजना महिला सहित जिल्ला शिक्षा समितिबाट मनोनित दुईजना - सदस्य

(छ) जिल्लाका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्ये जिल्ला शिक्षा समितिबाट मनोनित एकजना - सदस्य

(ज) जिल्ला शिक्षा अधिकारी - सदस्य-सचिव"

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क)जिल्ला शिक्षा समितिले सो जिल्लाका संसद सदस्यहरूलाई जिल्ला शिक्षा समितिको बैठकमा आमन्त्रण गर्नेछ ।"

(३) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) मनोनित सदस्यको पद कुनै कारणले रिक्त हुन आएमा बांकी अवधिको लागि अर्को व्यक्तिलाई मनोनित गरिनेछ ।"

३. <u>मूल नियमावलीको नियम १३ मा संशोधनः-</u> मूल नियमावलीको नियम १३ को उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छः-

(३क) जिल्ला शिक्षा समितिका मनोनित सदस्यहरूको मनोनयन हुनु अघि बसेको जिल्ला शिक्षा समितिको बैठक यसै नियमावली बमोजिम बसेको मानिनेछ ।"

४. <u>मूल नियमावलीको नियम १४ मा संशोधनः</u> मूल नियमावलीको नियम १४ को उपनियम (१) को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन्ः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) प्राथमिक विद्यालयको

१. विद्यालय रहेको गाउं विकास समिति वा नगरपालिकाले सो विद्यालयको प्रधानाध्यापकसंगको परामर्शमा स्थानीय अभिभावक, चन्दादाता, शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट सिफारिश गरी पठाएका तीन जना व्यक्तिहरू मध्ये जिल्ला शिक्षा समितिबाट मनोनित व्यक्ति - अध्यक्ष

२. सम्बन्धित वडा सदस्य - सदस्य

३. चन्दादाताहरू मध्ये जिल्ला शिक्षा समितिबाट मनोनित एकजना - सदस्य

४. स्थानीय समाजसेवी, बुद्धिजीवी वा शिक्षाप्रेमी मध्ये एकजना महिला सहित जिल्ला शिक्षा समितिबाट मनोनित दुईजना - सदस्य

५. अभिभावकहरूमध्ये जिल्ला शिक्षा समितिबाट मनोनित एकजना - सदस्य

६. सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य

(ख) निम्न माध्यमिक र माध्यमिक विद्यालय

१. विद्यालय रहेको गाउं विकास समिति वा नगरपालिकाले सो विद्यालयको प्रधानाध्यापकसंगको परामर्शमा स्थानीय अभिभावक, चन्दादाता, शिक्षा प्रेमी वा समाजसेवीहरूमध्येबाट सिफारिश गरी पठाएका तीन जना व्यक्तिहरूमध्ये जिल्ला शिक्षा समितिबाट मनोनित व्यक्ति - अध्यक्ष

२. सम्बन्धित विद्यालय निरीक्षक - सदस्य

३. सम्बन्धित वडा सदस्य - सदस्य

४. स्थानीय समाजसेवी, बुद्धिजीवी वा शिक्षाप्रेमी मध्ये एकजना महिला सहित जिल्ला शिक्षा समितिबाट मनोनित दुईजना - सदस्य

५. अभिभावकहरू मध्ये जिल्ला शिक्षा समितिबाट मनोनित दुईजना - सदस्य

६. सम्बन्धित विद्यालयका शिक्षकहरूले आफू मध्येबाट छानी पठाएको एकजना - सदस्य

७. सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल नियमावलीको नियम १८ मा संशोधनः मूल नियमावलीको नियम १८ को शुरूमा रहेको "विद्यालय व्यवस्थापक समितिको बैठक र कार्यविधि देहाय बमोजिम हुनेछ" भन्ने वाक्यांश झिकिएको छ ।

६. मूल नियमावलीको नियम २२ मा संशोधनः मूल नियमावलीको नियम २२ को उपनियम (१) मा रहेका "दफा ११ (ख)" भन्ने शब्दहरूको सट्टा "दफा ११ ख को उपदफा (३)" भन्ने शब्दहरू राखिएका छन् ।

७. मूल नियमावलीको नियम २५ मा संशोधनः मूल नियमावलीको नियम २५ को सट्टा देहायको नियम २५ राखिएको छः -

"२५. शिक्षक छनौट सम्बन्धी कार्यविधिः (१) रिक्त शिक्षक पद पूर्तिका लागि लिइने परीक्षाको पाठ्यक्रम र प्रत्येक पत्र तथा प्रश्नको अंक विभाजन मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(२) शिक्षक छनौट समितिले उम्मेदवार छनौट गर्दा संचालन गर्ने लिखित परीक्षा र अन्तर्वार्ताको पूर्णाङ्क क्रमशः १०० र ५० हुनेछ ।

तर प्रयोगात्मक परीक्षा समेत लिई उम्मेदवार छनौट गर्ने पर्ने भएमा थप २५ पूर्णाङ्कको प्रयोगात्मक परीक्षा लिइनेछ ।

(३) रिक्त शिक्षक पदको लागि विज्ञापन गर्दा उम्मेदवारलाई दरखास्त दिन तीस दिनको म्याद र दोब्बर दस्तुर तिरेमा सात दिनको थप म्याद दिनु पर्नेछ ।

(४) उम्मेदवारले लिखित परीक्षाको प्रत्येक पत्रमा कम्तीमा पैंतीस प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

(५) लिखित परीक्षाबाट अन्तर्वार्ता र आवश्यकता अनुसार लिइने प्रयोगात्मक परीक्षाको निमित्त उम्मेदवार छनौट गर्दा देहाय बमोजिम थप संख्यामा सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम वर्णानुक्रमानुसार प्रकाशित गरिनेछः-

| रिक्त माग संख्या | थप हुने संख्या |
|---|---|
| १-५ | २ |
| ६-१० | ३ |
| ११-१५ | ४ |
| १६-२० | ५ |
| २१-२५ | ६ |
| २६-३० | ७ |
| ३१-३५ | ८ |
| ३६-४० | ९ |
| ४१ वा सो भन्दा माथि २०% का दरले | |

तर यसरी उम्मेदवारको नाम प्रकाशित गर्दा अन्तिम क्रमसंख्यामा एक जना भन्दा बढी उम्मेदवारले बराबर अंक प्राप्त गरेमा ती सबै उम्मेदवारहरूको नाम प्रकाशित गरिनेछ ।

६१५६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उपनियम (५) बमोजिम उम्मेदवारको नाम प्रकाशित गरेपछि शिक्षक छनौट समितिले लिखित परीक्षामा सफल भएका उम्मेदवारको अन्तर्वार्ता र आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा समेत लिई लिखित परीक्षा, अन्तर्वार्ता र प्रयोगात्मक परीक्षामा प्राप्त गरेका अंक जोडी नियुक्तिको लागि सिफारिश सहित योग्यता क्रम प्रकाशित गर्नु पर्नेछ । त्यसरी सिफारिश गर्दा रिक्त पद संख्याको दश प्रतिशतले हुने संख्यामा उम्मेदवारहरूको नाम प्रतिक्षा सूचीमा राखिनेछ ।

(७) शिक्षक छनौट सम्बन्धी अन्य व्यवस्था शिक्षक छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

८. मूल नियमावलीको नियम ३६ मा संशोधनः मूल नियमावलीको नियम ३६ को उपनियम (४) झिकिएको छ ।

९. मूल नियमावलीको नियम ४८ मा संशोधनः मूल नियमावलीको नियम ४८ को, -

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) नियम २५ को उपनियम (६) बमोजिम नियुक्तिको लागि सिफारिश भएको उम्मेदवारलाई जिल्ला शिक्षा अधिकारीले त्यसरी सिफारिशको सूचना प्रकाशित भएको मितिले दुई महिनाभित्र एक वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति दिनु पर्नेछ । त्यसरी नियुक्ति पाएको शिक्षकले नियुक्तिपत्र बुझेको मितिले बाटोको म्याद बाहेक सात दिन भित्र सम्बन्धित विद्यालयमा हाजिर हुनु पर्नेछ ।"

(२) उपनियम (१) पछि देहायका उपनियम (१क), (१ख) र (१ग) थपिएका छनः-

"(१क) उपनियम (१) बमोजिमको म्याद भित्र कुनै उम्मेदवारले नियुक्तिपत्र लिन नआएमा त्यस्तो उम्मेदवारको नाम योग्यताक्रम सूचीबाट हटाइनेछ ।

(१ख) कुनै उम्मेदवारले नियुक्ति पत्र बुझी म्यादभित्र सम्बन्धित विद्यालयमा हाजिर हुन नगएमा निजको नियुक्ति पत्र रद्द गरिनेछ ।

(१ग) उपनियम (१क) बमोजिम कुनै उम्मेदवारको नाम योग्यताक्रम सूचीबाट हट्न गएमा वा उपनियम (१ख) बमोजिम नियुक्ति पत्र रद्द भएमा जिल्ला शिक्षा अधिकारीले नियम २५ को उपनियम (६) बमोजिम प्रकाशित उम्मेदवारको योग्यताक्रमको प्रतिक्षा सूचीमा अघिल्लो नम्बरमा रहेका उम्मेदवारलाई नियुक्तिपत्र दिनेछ ।"

१०. मूल नियमावलीको नियम ६३ मा संशोधनः मूल नियमावलीको नियम ६३ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) उपनियम (१) बमोजिम ५८ वर्ष पूरा भई अवकाश हुने शिक्षकलाई श्री ५ को सरकार वा श्री ५ को सरकारले तोकेको अधिकारीले दुई वर्षको अवधि थप गर्न सक्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. मूल नियमावलीको नियम ६६ मा संशोधनः मूल नियमावलीको नियम ६६ को उपनियम (३) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर त्यसरी लागेको अभियोग प्रमाणित नभई कुनै शिक्षक वा कर्मचारीले सफाई पाएमा निजले निलम्बन रहेको अवधिको एक चौथाई तलब पाएको भए सो कटाई बाँकी तलब र त्यस्तो एक चौथाई तलब नपाएको भए पूरै तलब पाउनेछ ।"

१२. मूल नियमावलीमा नियम ६९क. थपः मूल नियमावलीको नियम ६९ पछि देहायको नियम ६९क. थपिएको छः

"६९क. निवृत्तभरणको न्यूनतम रकमः नियम ६९ मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरणको न्यूनतम रकम समान पदको बहालवाला शिक्षकको तलबको शुरु अंकको आधा भन्दा कम हुने छैन ।"

१३. मूल नियमावलीको नियम ८६ मा संशोधनः मूल नियमावलीको नियम ८६ को शुरुमा रहेको "(१)" भन्ने अंक झिकिएको छ ।

१४. मूल नियमावलीको नियम १०० मा संशोधनः मूल नियमावलीको नियम १०० मा रहेका "परीक्षा भएको" भन्ने शब्दहरुको सट्टा "परीक्षाको नतीजा प्रकाशित भएका" भन्ने शब्दहरु राखिएकाछन् ।

१५. रुपान्तरः मूल नियमावलीको ठाउं ठाउंमा प्रयोग भएका "शिक्षा तथा संस्कृति मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।

आज्ञाले,
ईश्वरप्रसाद उपाध्याय
श्री ५ को सरकारको सचिव

८५८



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग